# सहकारी ऐनमा संघको धारणा

| दफा | विद्यमान व्यवस्था | संघको धारणा |
|---|---|---|
| २८(२) | ...आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागुहुनेछ । | सञ्चालक समितिले स्वीकृत गरी लागु गर्न सक्ने । सोको जानकारी साधारण सभालाई दिनुपर्ने । |
| २९(१) | सहकारी संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुनसक्नेछ । | सञ्चालक समितिले संशोधन गर्न सक्ने । सोको जानकारी साधारण सभालाई दिनुपर्ने । |
| ३०(२) | ... नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैर नाफामूलक संस्था, उत्पादन र सेवामूलक संघ संस्था, उपभोक्ता समूहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन । | मताधिकार प्रयोग गर्न पाउने छैनन् । |
| ४०(४) | सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत हुनेछ ।<br>... प्रथम पटक गणपुरक संख्या नपुगेमा दोश्रो पटक सञ्चालक समितिको बहुमत सहित ३३ प्रतिशत सदस्य गणपुरक संख्या मानिनेछ । | प्रथम पटक ३३ प्रतिशत र पहिलो पटक नपुगेमा २५ प्रतिशत सदस्य उपस्थितिलाई गणपुरक संख्या मानिने छ । |
| ४१(७) | समितिको कार्यावधि चार वर्षको हुनेछ | बढिमा चार वर्षको हुने छ । |
| ५०(४) | बचत र ऋणको व्याज दर बिचको अन्तर छ प्रतिशत भन्दा बढी हुनेछैन | औसत छ प्रतिशत रहने छ । |
| ५१ | सहकारी संस्थाको लागि सन्दर्भ व्याज दर तोक्न सक्ने ... | व्याज दर निर्धारणको आधार र कार्यविधि बनाई सन्दर्भ ब्याज दर तोक्ने छन् । |
| ६८(२), क | आर्थिक वर्षको खुद बचत रकमको कम्तिमा २५ प्रतिशत रकम (जगेडा कोष) | सबै खर्च कटाई बाँकी रकमको कम्तिमा २५ प्रतिशत रकमको व्यवस्था हुनुपर्ने, |
| ७०(१०) | सहकारी प्रवर्द्धन कोषबाट प्राप्त रकमको खर्च तथा उपलब्धी विवरण राष्ट्रिय सहकारी विकास बोर्ड समक्ष पेश गर्नु पर्नेछ । | उपलब्धी विवरण रकम प्रदान गर्ने निकाय समक्ष पेश गर्ने व्यवस्था हुनुपर्ने, |
| ७६(१) | ... इजाजतपत्र प्राप्त लेखापरिक्षकहरु मध्येबाट साधारण सभाले एक जना लेखा परिक्षक नियुक्ति गर्ने छ । | साधारण सभाले पारिश्रमिक तोकी कम्तिमा तीन जना सिफारिश गर्ने र सिफारिश भएका मध्येबाट सञ्चालक समितिले नियुक्त गर्न सक्ने, |
| १०१ | नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाको | सुरक्षण कोष केन्द्रीय तहमा रहने व्यवस्था हुनुपर्ने |

| दफा | विद्यमान व्यवस्था | संघको धारणा |
|---|---|---|
| | सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्नेछ । | |
| १०२(१) | संस्थाले बीमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउ जस्ता योजनामा उल्लेखित कारणले भएको क्षतिको निश्चित अंश पूर्ति गर्ने गरी निर्धारित अधिकतम सीमा र शुल्क सम्मको आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्ने छ । | सदस्यहरुको जीवन बीमा, दुर्घटना बीमा, बालीनाली, वस्तुभाउ जस्ता पक्षको जोखिम व्यवस्थापन एवं न्यूनिकरणको लागि आपसी सुरक्षण सेवा वा बीमा सेवा सञ्चालन गर्न सक्नेछन् । सहकारी संस्थाले सञ्चालन गरेको यस्तो सुरक्षण सेवाको बीमा कम्पनी बमोजिमको सर्तको अधिनमा रही पुनर्बिमा को व्यवस्था गर्नु पर्ने। |
| १०३(५) | स्थिरीकरण कोषमा सहभागि संस्थाले वार्षिक बचतबाट जगेडा कोषमा छुट्याई तोकिए बमोजिमको रकम जम्मा गर्न सक्नेछन् । | बचत तथा ऋणको कारोबार गर्ने सम्पूर्ण संस्थाहरु स्थिरीकरण कोषमा आवद्ध हुनु पर्ने,<br>स्थिरीकरण कोषमा संस्थाको कुल बचत/निक्षेपको तोकिएको प्रतिशत रकम जम्मा गर्नुपर्ने भन्ने हुनुपर्ने, |
| १०३(७), ख | सहभागि संस्था समस्याग्रस्त भएको अवस्थामा .....व्यवस्थापन समितिको खर्च व्यहोर्न, | यो ब्यवस्था हटाउनु पर्ने । |
| १०३(७), ग | सहभागि संस्था समस्याग्रस्त भई ...त्यस्तो संस्थाको सञ्चालननको जिम्मेवारी महासंघले लिएमा त्यस्तो संस्थाको दायित्व भुक्तानी लगायत पुनः सञ्चालनमा उपयोग गर्न, | स्थिरीकरण कोष बचत तथा ऋण सहकारीको लागि मात्र गठन हुने भएकोले समस्याग्रस्त संस्थाको सञ्चालनको जिम्मेवारी विषयगत केन्द्रीय संघमा हुनुपर्ने । |
| १२३ | असल नियतले गरेको कामको बचाउ | यस्तो बहुअर्थी भाषा प्रयोग हुन नहुने, |
| १२५ | जरिबाना : ५ लाख सम्म जरिबाना अधिकारप्राप्त व्यक्तिले तोक्न सक्ने, पटके दोब्बर जरिबाना | प्रशासनिक एवं नियमन निकायमा ठुलो दण्ड, जरिबानाको अधिकार दिन नहुने, यस्ता अधिकारहरु न्यायिक निकायमा रहने व्यवस्था गर्ने |
| १४०(१) | ... सहकारी संस्थाहरुले अन्तर सहकारी कारोबार गर्न सक्ने | तर बचत तथा ऋणको कारोबार गर्ने संस्थाले अन्तर सहकारी वित्तीय कारोबार गर्न नपाउने व्यवस्था हुनुपर्ने, |